# प्रस्तुत खजुरा गाउँपालिकाको आ.व. ०७७।०७८ को बजेट

यस खजुरा गाउँपालिकाको सातौ गाउँ सभाका सभाअध्यक्ष महोदय,
गाउँसभामा उपस्थित सभा सदस्यज्यूहरू,

म खजुरा गाउँपालिकाको उपाध्यक्ष एंव बजेट तथा कार्यक्रम तर्जुमा समितिको संयोजकको हैसियतले यस गरिमामय सभामा स्थानिय सरकार सञ्चालन ऐन २०७४ को दफा २१ को उपदफा (३) सोही ऐनको दफा २७ अनुसार प्राप्त हुने रकम दफा ७१ ले दिएको अधिकार प्रयोग गरि खजुरा गाउँपालिकाको आ.व. ०७७।०७८ को बजेट प्रस्तुत गर्न पाउँदा आफुलाई गौरवको महशुस गरी रहेको छु ।

संघिय लोकतान्त्रिक गणतन्त्रसम्म ल्याई पुराउन आफ्नो जिवन उत्सर्ग गर्नु हुने महान सहिदहरू प्रति उच्च श्रदाका साथ भावपूर्ण श्रद्धाञ्जली अपर्ण गर्दछु । यसै गाउँपालिकाको सहिद सेतु वि.क.लाई पनि स्मरण गर्न चाहान्छु । संघर्षको दौरानमा बेपत्ता, अपांग तथा घाइते हुनुभएका बीर योद्धाहरू र वहाँहरूका पीडित परिवाहरू प्रति हार्दिक सम्मान ब्यक्त गर्दछु । हामीले आ.व. ०७७।०७८ को बजेट प्रस्तुत गर्दै गर्दा विश्वभर कोरना भाइरसको महामारी र संक्रमण फैलिएको र सो संक्रमणबाट हाम्रो देशलाई पनि यस भाइरबाट अलग हुन सकेन सो को कारण देशमा आएको आर्थिक अस्थिरताले चालु आ.व.मा प्राप्त हुने राजश्वका कारण हामीले अनुमानित गरेको राजश्व प्राप्त गर्न सकिएन । यस घडीमा हाम्रो मुख्य लक्ष्य भनेको आफ्नो रोजी रोटीका लागि विदेश पलायन भएका र स्वदेश फर्किन चाहने ब्यक्तिहरूलाई सुरक्षित तरिकाबाट नेपाल भित्राउनु र निजका परिवारहरूलाई देश भर फैलिएको भाइरसबाट बचाई दैनिक जिविकोपार्जन गर्दै जिवन गुजारा गर्दै गरेका स्थानिय नागरिकलाई चुलो बाल्न समस्या नहोस भन्नाका लागि राहत उपलब्ध गराउने र क्वारेन्टाइन र आइशोलेसनमा भएका नागरिकको सुरक्षित वसोवासको ब्यवस्था मिलाउने जिम्मा हाम्रो स्थानिय सरकारको काँधमा आयो । यस विशम परिस्थीतीलाई मनन गर्ने हो भने यदी स्थानिय सरकार र जनप्रतिनिधी क्रियासिल नहुने हो भने हाम्रा नागरिकहरूलाई हाल पाइरहेको सुविधा कदापी उपलब्ध हुन सक्ने थिएन आज हामीले गौरव गर्ने वेला पनि हो जो हाम्रो संघर्ष गरी प्राप्त गरेको गणतन्त्रको उपब्धीको चरण हो भन्ने मलाई लाग्छ ।

गत आ.व. ०७६।०७७ को बजेट प्रस्तुत गर्दा कर्मचारी समायोजनबाट पूर्ण हुन नसकि सिमित कर्मचारीलाई परिचालन गरि हामीले हाम्रो बजेट प्रस्तुत गरेको थियौ भने आ.व. ०७७।०७८ को बजेट प्रस्तुत गर्दा कर्मचारीहरू त हामीले दरवन्दी बमोजिम पूर्ण गर्न सफल भयौ तर हामी कर्मचारीहरूलाई हामीले चाहे जस्तो आकार प्रकारमा सक्षम बनाउन सकिएन कि अझ हामीले चाहे जस्तो खोजे जस्तो सक्षम कर्मचारीको विकास गर्न कर्मचारीहरूलाई क्षमता अभिवृद्धि गर्ने खालका कार्यक्रम गर्न जरूरी देखेको छु । त्यसै गरि हाम्रा विषयगत समिति र स्थानिय सरकार संचालन ऐन बमोजिम रहेका समितिहरूलाई चलायमान बनाउन र हाम्रा जनप्रतिनिधिहरूलाई समेत यस विषयमा ज्ञान दिनु जरूरी देखेको छु त्यसैले सक्षम कर्मचारी र जनप्रतिनिधी एक सिक्काका दुई पाटा हुन भन्ने मैले बुझेकी छु त्यसैले यि दुवैलाई सक्षम र क्षमता अभिवृद्धि गर्ने खालका कार्यक्रमहरू यस आ.व.को बजेटमा समावेश गर्नु पर्छ भन्ने मैले महशुस गरे ।

खजुराबासीले खोजेको सेवा र चाहेको विकासका लागि हामीले संघिय सरकार, प्रदेश सरकार संगको सहकार्य, सहयोग र समन्वयबाट प्राप्त हुने श्रोत र हामीहरू संग भएको श्रोत साधनहरूको अधिक्तम प्रयोग गरि स्थानिय स्तरमा विकास गर्ने परिकल्पना गरेका छौ ।

अव हामीले भौतिक पूर्वाधार विकास संग संगै नागरिकहरूलाई व्यवसायिक बनाउने, रोजगारी श्रृजनाहुने खालका कार्यक्रम, नागरिकलाई आफ्नै देशमा रमाउन सिकाउने र देशको जिम्मेवारी नागरिकको अनुभूति हुने खालका कार्यक्रमहरू ल्याउन जरूरी देखिन्छ भने विदेश पलायन भई स्वदेश फर्किएका नागरिकहरूलाई अव विदेश होइन स्वदेशमै केही गर्न  सकिन्छ यसका लागि हाम्रो स्थानिय सरकार हाम्रो साथमा छ भन्ने महशुस हुने खालको कार्यक्रम ल्याउनकाका लागि कृषि पकेट कार्यक्रम, कोभिड विशेष कार्यक्रम, लघु उद्योग विकास कार्यक्रम, प्रधानमन्त्री कृषि आधुनिकरण परियोजना, प्रधानमन्त्रि रोजगार कार्यक्रम बजेटमा ल्याएका छौ । यसबाट हाम्रा स्थानिय नागरिकहरूलाई अव विदेशबाट सिकेको सिप हाम्रै भूमिमा प्रयोग गर्ने वातावरण तयार हुने छ भन्ने महशुस गरेको छु ।

यस गाउँसभाका सभा अध्यक्षज्यू,

खजुराले अंगिकार गरेको **"हाम्रो खजुरा राम्रो खजुरा समुन्नत खजुरा हाम्रो चाहना"** भन्ने मुल नारालाई टेकेर तयार पारेको र यसै सभामा गाउँपालिकाका अध्यक्षज्यूबाट प्रस्तुत गरिएको निति तथा कार्यक्रम, वडा अध्यक्षज्यूहरू, कार्यपालिकाका सदस्यहरू, विज्ञ समुह, हाम्रा कर्मचारीहरूबाट प्राप्त सल्लाह र रचनात्मक सुझावलाई हृदयगमन गर्दै हामीले आ.व. ०७७।०७८ को बजेट तयार पारेका छौ ।

हामीले विगतमा प्रस्तुत गरेको बजेटबाट अधिक्तम विकासका आधारहरू हात पार्न सफल भएका भयौ । सोही बजेटको परिचालन गरि केन्द्र सरकारबाट प्राप्त भएको समपुरक, प्रदेश सरकारबाट प्राप्त भएको समपुरक र पूर्वाधार विकास तर्फबाट प्राप्त भएको बजेट र गाउँपालिकाले आफैले विनियोजन गरेको बजेटबाट गाउँपालिकाको सबै वडाहरूमा कालो पत्रे गर्ने कार्य करिव ४० कि.मि. को हाराहारीमा पुरा गर्ने तयारीमा रहेका छौ । सडक स्तरउन्नतीका लागि ग्राभेल,

गाउँपालिकाकाले कल्पना गरेको सुविधा सम्पन्न बहुउद्देश्यीय सभा हल, सित भण्डारण लगायतका कार्यहरूलाई अगाडि बढाएका छौ । कृषि क्याम्पस स्थापना र संचालन ल्याउन सफल रहेका छौ त्यसी गरि हाम्रो पालिका भित्र रहेको २ वटा नमुना विद्यालयहरूको स्तरउन्तीका लागि भौतिक पूर्वाधार तयार गर्ने कार्यहरूलाई तिव्रता दिएका छौ ।

गाउँपालिकाले वडा कार्यालयलाई उपलब्ध गराएको बजेट सिलिंग भित्र रही यस चालु आ.व. मा भए गरेका कार्यहरू र हाल देखापरेको कोभिड-१९ लाई परास्त गर्ने कार्यहरूमा गाउँपालिकाको साथ र सहयोगमा उपलब्ध गराउने वडाअध्यक्षज्यूहरू, कार्यपालिका सदस्यज्यूहरू, वडा सदस्य उल्लेखनिय उपलब्धीको रूपमा हेर्न नसकिएता पनि रहेका छन् ।

खजुरा गाउँपालिकाको आ.व. ०७५।०७६ मा रू. ६२,४५,५५,४९७।७० आय र रू.५०,९५,४०,१७१।४७ व्यय गरि ८१.५८ प्रतिशत यथार्थ आय/व्यय भएको व्यहोरा जानकारी गराउन चाहान्छु ।

खजुरा गाउँपालिकाले आ.व. ०७६।०७७ मा चालु तर्फ ४५,०६,२१,३०८।- र पुजिगत तर्फ ४२,४१,७४,९३८।- गरि रू. ८७,४७,९६,२४६।९७ कुल विनियोजित भएको बजेटमा आषाढ मसान्त सम्म विनियाजित बजेटको ८० प्रतिशत शंसोधिन अनुमान गरिएको छ । जसमा गाउँपालिकाको सम्पूर्ण ध्यान विकासमा केन्द्रित भएको छ ।

सभाका अध्यक्ष महोदय,

अव म आर्थिक वर्ष २०७७।०७८ को बजेटको उद्देश्य तथा प्राथमिकता प्रस्तुत गर्ने अनुमति चाहन्छु ।

बजेटका उद्देश्यहरू तथा प्राथमिकता प्रस्तुत गर्न चाहान्छु ।

१. कृषि आधुनिकरीकरण र ब्यवसायिकरणमा मार्फत कृषि उत्पादनमा जोडदिने ।

२. कोभिड-१९ को निवारण तथा सो बाट सिंजित समस्या समाधानमा जोड दिने ।

३. कृषिको उत्पादन मार्फत बेरोजगारी समस्या समाधान तथा गरिबी निवारणमा जोड दिने ।

४. आर्थिक विकासमा जोड दिने ।

५. राजश्व श्रोत पहिचान, संकलन र परिचालनमा जोड दिने ।

४. सेवा प्रवाह, संस्थागत विकास र सुशासनमा जोड दिने ।

५. स्थानिय श्रोत र साधनमा आधारित भई जनसहभागितामा जोड दिने ।

६. लैंगिक समानता सामाजिक समावेशीकरणको अभिवृद्धिमा जोड दिने ।

७. दिगो विकास वातावरण संरक्षण र विपद ब्यवस्थानमा योगदान पुर्‍याउने ।

९. स्थान विशेषको संस्कृति र पहिचान प्रवर्धन गर्ने ।

१०. आधुनिक , ब्यवस्थित र ग्रिन सिटीको विकास गर्ने ।

११. गाउँपालिकालाई शिक्षाको हव क्षेत्रको रूपमा विकास गर्ने ।

बजेटका चुनौतिहरूः

१. सिमित श्रोत साधन हुनु ।

२. जनताको विकास प्रति तिव्र चाहाना ।

३. प्राकृतिक विपत तथा प्रकोप ।

४. भुमिहिन र अव्यवस्थित बसोबास ।

५. तिव्र सहरीकरणको विकास ।

६. खेति योग्य जग्गा भु-खण्डीकरण ।

७. कोभिड-१९ जस्ता महामारी ।

बजेटका सम्भावना ः

१. राजश्वको ब्यापक श्रोतको पहिचान

२. विकासमा जनताको सहभागिता र सहयोग रहनु ।

३. ब्यवसायिक कृषि र पशुपालनमा हुने ।

४. सीप विकास र उधमशिलताको विकास गरि उधमी बनाउनु ।

५. ब्यवसायिक र प्रविधि मैत्री शिक्षामा जोड ।

६. असल अन्तर सरकारी समन्वय ।

सभा अध्यक्षज्यू,

अव म गाउँपालिकाको आ.व. ०७७।०७८ मा लगाइने कर र राजश्वबाट प्राप्त हुने अनुमानित आय जानकारी गराउन चाहान्छु । गाउँपालिकामा निम्न शिर्षकबाट अनुमानित राजश्व प्राप्त गरी आन्तरिक आयमा गणना गरि राजश्वलाई आ.व. ०७७।०७८ का लागि बजेट खर्चमा समावेश गरेको छु ।

## (क) घर जग्गाको मुल्याकन

खजुरा गाऊं पालिकाले, गाँऊपालिका क्षेत्रभित्रको घर जग्गाहरुमा आ.व. ०७६।०७७ मा साविक अनुसार कै दरमा कर असुल उपर गर्ने छ।

## (ख) सम्पत्ति कर

खजुरा गाऊं पालिकाले, गाँऊपालिका क्षेत्रभित्रको सम्पत्तिकर आ.व. ०७६।०७७ मा साविक अनुसार कै दरमा कर असुल उपर गर्ने छ।

## मालपोतको दर रेट

| जग्गाको वर्ग | दर प्रति कठठा रु. | जरीवाना | कैफियत |
|---|---|---|---|
| अव्वल | २५ | वार्षिक १० प्रतिशत | सवै खालको |
| दोयम | २० | वार्षिक १० प्रतिशत | खेतीयोग्य जग्गा |

सम्पत्ति कर लागु भए पछि छुट्टै भुमि कर उठाइने छैन। सम्पत्ति कर लागु हुनु अगाडिको बाँकी मालपोत (भुमि कर) साविकमा उल्लेख भएको दररेटमा नियमानुसार शुल्कको १० प्रतिशत वार्षिक जरिवाना लिई असुल उपर गरिने छ।

## बहाल कर

खजुरा गाऊं कार्यपालिकाले निर्धारण गरेको कार्यविधि अनुसार करदाताले स्वंय घोषणा गरेको वा संम्फौता पत्रमा उल्लेख भएको आधारमा बहाल कर निर्धारण गरिनेछ। निर्धारण गरेको दरमा गाउँपालिकाले १० प्रतिशत घरबहाल कर एंव अन्य वहाल कर उठाउने छ।

## नक्शा पास दस्तुरः

| क्र.सं. | क्षेत्र | घरको प्रकार | दर/प्र.वर्ग फिट |
|---|---|---|---|
| १. | गुलरिया नेपालगञ्ज सडक खण्डको गा.पा.सिमाना सम्म दायाँ बायाँ | नयाँ पक्की घर | रु. ७।- (सात) |
| २. | गुलरिया नेपालगञ्ज सडक खण्डको गा.पा.सिमाना सम्म दायाँ बायाँ | पुरानो पक्की घर | रु. ७।- (सात) |
| ३. | माथि उल्लेख गरेको क्र.सं. १ र २ बाहेक अन्य क्षेत्र | नयाँ पक्की घर | रु. ५।- (पाँच) |
| ४. | माथि उल्लेख गरेको क्र.सं. १ र २ बाहेक अन्य क्षेत्र | पुरानो पक्की घर | ४।- (चार) |
| ५. | गाउँपालिका भित्रको सबै क्षेत्र | ट्रस भवन | ५।- (पाँच) |
| ६. | निजी विद्यालय, उद्योग, कलकारखाना | पक्की नयाँ तथा पुरानो | ७।- (सात) |
| ७. | सामुदायिक विद्यालय, पव्लिक क्याम्पस, सरकारी भवन | पक्की नयाँ तथा पुरानो | निशुल्क |

## व्यवसाय करको दर (वार्षिक दर्ता तथा नवीकरण शुल्क)

व्यवसाय कर साविक अनुसार आ.व ०७७।०७८ मा लगाई असुल उपर गरिने छ ।

**<u>जडीबुटी कबाडी र जीवजन्तु  कर :</u>**
**दफा (६) संग सम्बन्धीत**

*<u>जडिबुटी, कवाडी माल करको दररेट</u>*
जडिबुटी कवाडी मालमा साविकमा उठाइ रहे अनुसार आ.व. ०७७।०७८ मा कर असुल उपर गरि लिइने छ ।

## <u>सवारी साधन कर</u>

आ.व. ०७६।०७७ बमोजिम आ.व. ०७७।०७८ का लागि असुल उपर गरि लिइने छ ।

## <u>विज्ञापन कर</u>

विज्ञापन करको दररेट
क) विज्ञापन कर निम्नानुसार हुने :
विज्ञापन कर साविक अनुसार कै दरमा आ.व ०७७।०७८ का लागि असुल उपर गरिने छ ।
**ख) विज्ञापन करको दर :**
**<u>मनोरन्जन कर</u>**
***<u>मनोरञ्जन करको दररेट</u>***

आ.व. ०७६।०७७ बमोजिमकै दरमा मनोरञ्जन कर आ.व. ०७७।०७८ का लागि हुने छ ।

## बहाल बिटौरी कर

गाऊपालिकाले आफ्नो क्षेत्रभित्र आफूले निर्माण, रेखदेख वा संचालन गरेको हाट बजार, सार्वजनिक स्थल, ऐलानी जग्गा वा बाटोको छेउमा थाप्न दिएको अस्थायी पसलहरुमा तोकिए बमोजिम बहाल बिटौरी कर लगाउन सक्नेछ । सो कर साविक अनुसार नै आ.व. ०७७।०७८ का लागि लागु हुने छ ।

पार्किङ्ग शुल्कको दररेटः

क्षेत्रगत आधारमा, सडकमा स्पष्ट रेखाङ्कन गरी, प्रवेश र बर्हिगमन फरक फरक हुने गरी, कुनै पनि सडकको कुल चौडाईको २५ प्रतिशत भन्दा बढी भाग नओगटिने गरी, भरसक आधुनिक प्रविधि प्रयोगमा ल्याउने गरी आफै वा निजी क्षेत्रलाई ठेक्का लगाई सवारी पार्किङ्ग व्यवस्थापन गर्न सक्ने । गाउँपालिकाले पार्किङ्ग स्थल बनाई व्यवस्था गरेमा गाउँसभाले तोके बमोजिम हुने छ ।

## <u>ट्रेकिंग ,कोयोकिंग, क्यानोइंग, बन्जी जम्पिंग, जिप फलावर र न्याफ्टिङ्ग शुल्क</u>

यस संम्बन्धी व्यबस्था खजुरा गाऊं कार्यपालिकाले तोके बमोजीम हुनेछ ।

**सेवा शुल्क दस्तुर**

गाउँपालिकाले दिने सेवाको लागी निम्न वमोजिम सेवाशुल्क लगाउन सक्ने व्यवस्था गरेको छ । आ.व. ०७६।०७७ मा लगाईको सेवा शुल्क यथावत राखि सो सेवा शुल्कमा केही बुँदाहरुमा परिमार्जन गरि संशोधन गरिएको छ ।

| सि.नं. | विवरण | रकम रु. |
|---|---|---|
| १ | सामान्य सिफारिस | १००।०० |
| २ | नागरिकता सिफारिस | १००।०० |
| ३ | अंगीकृत नागरिकता सिफारिश | ३००।०० |
| ४ | विपन्न विद्यार्थी सिफारिश | निशुल्क |
| ५ | अपांङ्ग सिफारिश | निशुल्क |
| ६ | छात्रबृति सिफारिश | १००।०० |
| ७ | सर्जमिन सिफारिस | ३००।०० |
| ८ | जग्गा खरीद बिक्रि सिफारिश | ५००।०० |
| ९ | व्यवसाय दर्ता सिफारिश | ५००।०० |
| १० | व्यवसाय नामसारी सिफारिश | ५००।०० |
| ११ | व्यवसाय बन्द सिफारिश | ५००।०० |
| १२ | व्यवसाय संचालन नभएको सिफारिश (जति बर्ष भए पनि) | २००।०० |
| १३ | घर नक्सा पास सिफारिस | ५००।०० |
| १४ | घर कायम सिफारिश | ५००।०० |
| १५ | मोही लगत कट्टा | ५००।०० |
| १६ | चार किल्ला प्रमाणित<br>- प्रति कित्ता थप | ४००।००<br>५०।०० |
| १७ | चार किल्ला प्रमाणित (खेती योग्य जमीन)<br>- प्रति कित्ता थप | २००।००<br>५०।०० |
| १८ | घर बाटो नभएको प्रमाणीत<br>- प्रति कित्ता थप | २००।००<br>५०।०० |
| १९ | नाता प्रमाणित | २००।०० |
| २० | जन्म दर्ता शुल्क(३५ दिन पछिकोहकमा) | ५०।०० |
| २१ | मृत्यु दर्ता(३५ दिन भित्र निशुल्क) | ५०।०० |
| २२ | विवाह दर्ता दस्तुर (३५ दिन नाघेमा) | ५०।०० |

| | | |
|---|---|---|
| २३ | अंग्रेजिमा सिफारिस वा प्रमाणित दस्तुर | ५००।०० |
| २४ | जन्म/मृत्यु/विवाह/अविवाहित प्रमाणित | १००।०० |
| २५ | नागरिकता प्रतिलिपी सिफारिस | १५०।०० |
| २६ | पञ्जिकरण प्रतिलिपि | ५०।०० |
| २७ | नाम ,थर, जन्ममिति शंशोधन सिफारिस | ५००।०० |
| २८ | खानेपानी, विद्युत, टेलिफोन जडान तथा नामसारी (आवासीय/कृषि) | २००।०० |
| २९ | खानेपानी, विद्युत, टेलिफोन जडान तथा नामसारी व्यवसायीक | ५००।०० |
| ३० | ट्रेस नक्सा निर्माण तथा प्रमाणित एक कित्ता माग भएमा | २००।०० |
| ३१ | ट्रेस नक्सा प्रमाणित एक कित्ता माग भएमा | २००।०० |
| ३२ | ट्रेस नक्सा १ कित्ता भन्दा बढी भाग भएमा प्रति कित्ता थप | ५०।०० |
| ३३ | पेन्सन पट्टा सिफारिस (स्वदेशी संस्थामा) | ५००।०० |
| ३४ | पेन्सन पट्टा सिफारिस (विदेशी संस्थामा) | १०००।०० |
| ३५ | औद्योगिक प्रयोजनको लागि ठूलो सर्जमिन दस्तुर | २०००।०० |
| ३६ | औद्योगिक प्रयोजनको लागि सानो सर्जमिन दस्तुर | ८००।०० |
| ३७ | व्यवसायिक प्रयोजनको लागि ठूलो सर्जमिन दस्तुर | ८००।०० |
| ३८ | व्यवसायिक प्रयोजनको लागि सानो सर्जमिन दस्तुर | ५००।०० |
| ३९ | स्थानीय ठेगाना प्रमाणित सिफारिस | २००।०० |
| ४० | वडा सिफारिस दस्तुर | ००।०० |
| ४१ | मिलापत्र दस्तुर | ५००।०० |
| ४२ | जग्गा दर्ता सिफारिस प्रति कठ्ठा(घडेरी भएमा,न्युनतम एक कठठाको) | १००।०० |
| ४३ | जग्गा दर्ता सिफारिस प्रति विगाहा(खेती योग्य भएमान्युनतम एक विगाको) | ५००।०० |
| ४४ | राजिनामा/बकसपत्र सिफारिस | ५००।०० |
| ४५ | जग्गा सिमा विवादमा सिमांकन सेवा शुल्क | २०००।०० |
| ४६ | फिल्ड रेखांकन पहिलो कित्ता | १०००।०० |
| ४७ | फिल्ड रेखांकन थप प्रतिकित्ता | १०००।०० |
| ४८ | कार्य अनुभव सिफारिश पत्र | ५००।०० |
| ४९ | नयाँ संस्था दर्ता सिफारिश | २००।०० |

| | | |
|---|---|---|
| ५० | नवीकरण सिफारिस | १००।०० |
| ५१ | आय स्रोत प्रमाणित सिफारिस (आयको)<br>- सम्पत्ती मुल्यांकनमा प्रमाणित (मुल्यांकनको) | ०।१०प्रतिशत<br>०।०५ प्रतिशत |
| ५२ | निजी विद्यालय अपग्रेड सिफारिस | २०००।०० |
| ५३ | आधारभुत विद्यालय सम्मको लागि | १०००।०० |
| ५४ | मा.वि. सम्मको लागि | २०००।०० |
| ५५ | प्राथमिक विद्यालय दर्ता सिफारिश | १०००।०० |
| ५६ | उद्योग स्थापना सिफारिस | ५००।०० |
| ५७ | उद्योग नामसारी तथा ठाउँसारी सिफारिस | ५००।०० |
| ५८ | पशु वस्तु (राँगा भैंसी, गोरु) को निकासी सिफारिस प्रतिगोटा | ५०।०० |
| ५९ | खसी निकाशी सिफारीस प्रति गोटा | २०।०० |
| ६० | घर जग्गा नामसारी सिफारिश दस्तुर | ५००।०० |
| ६१ | कृषि फर्म दर्ता सिफारिश | १००।०० |
| ६२ | कमजोर आर्थिक अवस्था सिफारिश | १००।०० |
| ६३ | बलियो आर्थिक अवस्था सिफारिश | १०००।०० |
| ६४ | जडीबुटी निकासी सिफारिश प्रति किलो (न्युनतम रु. १०० लिइने छ) | १।०० |
| ६५ | बालुवा निकासी सिफारिश प्रति ट्रिप | ५०।०० |
| ६६ | फाराम शुल्क | १००।०० |
| ६७ | नक्सा पास निवेदन फाराम | १०००।०० |
| ६८ | अन्य सिफारीश | ५००।०० |
| ६९ | कु-काठ बाहेकका अन्य रुख कटान प्रति रुख | ४००।०० |
| ७० | कु-काठ रुख प्रति रुख | १५०।०० |

पर्यटन शुल्क :

पर्यटक शुल्कको दररेट

१) खजुरा गाऊं कार्य पालिकाले तोकेका स्थानहरुमा तोके बमोजिम पर्यटक शुल्क लिने छ ।

मैले माथी उल्लेखित करहरुलाई आर्थिक ऐन २०७७ मा समावेश गरि २०७७ श्रावण १ गते देखि लागु गर्न प्रस्ताव गरेको छु ।

सभाका अध्यक्षज्यू,

आ.व. ०७७।०७८ मा संघीय सरकार, प्रदेश सरकार बाट खजुरा गाउँपालिकामा प्राप्त हुने बजेट र आन्तरिक आय देहाय बमोजिम रहेको छ ।

## संघीय सरकारबाट

| सि.नं. | शिर्षक | अनुमानित रकम |
|---|---|---|
| १. | सर्शत अनुदान | ३१,०६,००,००० |
| २. | समानिकरण अनुदान | १४,८५,००,००० |
| ३. | राजश्व बाडफाँडबाट | ८,७८,६२,३८० |
| ४. | विशेष अनुदान | १,२५,००,००० |
| | जम्मा | ५७,०५,६२,३८० |

## प्रदेश सरकारबाट

| सि.नं. | शिर्षक | अनुमानित रकम |
|---|---|---|
| १. | सर्शत अनुदान | ४,५८,५०,००० |
| २. | समानिकरण अनुदान | ५६,७६,००० |
| ३. | राजश्व बाडफाँडबाट/सवारी साधन कर | ५८,७३,००० |
| | जम्मा | ५,७४,८८,००० |

## आन्तरिक श्रोतबाट

| सि.नं. | शिर्षक | अनुमानित रकम |
|---|---|---|
| १. | विभाज्य कोषबाट प्राप्त हुने (मालपोत सहित) | १,३५,००,०००।०० |
| २. | आन्तरिक राजश्व | १,५५,४०,०००।०० |
| ३. | जि.स.स. बाट प्राप्त हुने रकम | ११६,४०,०००।०० |
| ४. | आ.व. ०७६।०७७ बाट बाँकी हुने रकम अ.ल्या. | १२०,७३१,५६४।८८ |
| | जम्मा | १६१,४११,५६४।८८ |
| | **कुल जम्मा** | **७८,८४,७२,८५४।८८** |

आ.व. ०७७।०७८ मा रू. **७८,८४,७२,८५४।८८** मा संघिय सरकारबाट सर्शत अनुदानको रू. ३१,०६,००,०००।- र विशेष अनुदानबाट रू. १,२५,००,०००।- को कार्यक्रम प्राप्त भई सकेको छ । त्यसै गरि प्रदेश सरकारबाट सर्शत अनुदानबाट रू. ४,५८,५०,०००।- को कार्यक्रम प्राप्त भई सकेको छ । यो बाहेकको गा.पा.मा प्राप्त अनुदान र अनुमानित आय रू. **४२,०५,२२,८५४।८८** मध्ये पुजिगत तर्फ रू. २५,७६,८७,२५४।८८ र चालु खर्च तर्फ १६,२८,३५,७००।- को रकम देहाय बमोजिम कार्यक्रम सहित विनियोजन गरेको छु ।

## कार्यालय संचालन एंव प्रशासनिक खर्च तर्फः

| सि.नं. | विवरण | विनियोजित रकम | कैफियत |
|---|---|---|---|
| १ | कर्मचारीको पारिश्रमिक | २२५,००,०००.०० | |
| २ | पोशाक भत्ता | १,०००,०००.०० | |
| ३ | कर्मचारी महंगी भत्ता | १,२००,०००.०० | |
| ४ | कर्मचारी बैठक भत्ता | ५००,०००.०० | |
| ५ | कर्मचारी प्रोत्साहन तथा पुरस्कार | २००,०००.०० | |
| ६ | पदाधिकारी सुविधा | १०,४००,०००.०० | |
| ७ | पदाधिकारी बैठक | २,५००,०००.०० | |
| ८ | अन्य भत्ता | ५००,०००.०० | |
| ९ | योगदानमा आधारित निवृत्तभिरण | ३००,०००.०० | |
| १० | कर्मचारी कल्याण कोष | ५००,०००.०० | |
| ११ | पानी तथा विजुलि | ५००,०००.०० | |
| १२ | संचार महसुल | ७००,०००.०० | |
| १३ | इन्धन पदाधिकारी | ५००,०००.०० | |
| १४ | इन्धन कार्यालय प्रयोजन | १,०००,०००.०० | |
| १५ | सवारी साधन मर्मत | १,०००,०००.०० | |
| १६ | विमा तथा नविकरण | २००,०००.०० | |
| १७ | मेशिनरी तथा औजार मर्मत खर्च | ५००,०००.०० | |
| १८ | मसलन्द तथा कार्यालय सामान | २,५००,०००.०० | |
| १९ | इन्धन अन्य प्रयोजन | २००,०००.०० | |
| २० | पत्रपत्रिका छपाई तथा सुचना प्रकाशन | ५००,०००.०० | |
| २१ | अन्य कार्यालय संचालन खर्च | २००,०००.०० | |
| २२ | सेवा परामर्श खर्च | ५००,०००.०० | |
| २३ | सुचना प्रणालीका लागि सफ्टवेयर संचालन खर्च | ५००,०००.०० | |

| | | | |
|---|---|---|---|
| २४ | करार सेवा शुल्क | १३,०००,०००.०० | |
| २५ | फोहरमैला व्यवस्थापन | २५०,०००.०० | |
| २६ | सरसफाई सेवा शुल्क | २५०,०००.०० | |
| २७ | गरिव विपन्नलाई आर्थिक सहयोग | ५००,०००.०० | |
| २८ | रेडियो कार्यक्रम पत्रपत्रिका विज्ञापन | १,५००,०००.०० | |
| २९ | अनुगमन मूल्यांन खर्च | ६००,०००.०० | |
| ३० | भ्रमण खर्च | १५०,०००.०० | |
| ३१ | प्रतिनिधी मण्डलको भ्रमण खर्च | ५००,०००.०० | |
| ३२ | अन्य भ्रमण खर्च | २००,०००.०० | |
| ३३ | विविध खर्च | २,०००,०००.०० | |
| ३४ | धार्मिक तथा सांस्कृतिक सहायता | ३००,०००.०० | |
| ३५ | सामाजिक सहायता | ०० | |
| ३६ | अन्य सहायता | ५००,०००.०० | |
| ३७ | घर भाडा | ७००,०००.०० | |
| ३८ | सवारी साधन तथा मेशीनरी औजार भाडा | ५००,०००.०० | |
| ३९ | सभा संचालन खर्च | १,०००,०००.०० | |
| | | | |
| | जम्माः | ७०३,५०,०००.०० | |

## कार्यालय संचालनका लागि पुजिगत खर्चः

| सि.नं. | विवरण | विनियोजित रकम | कैफियत |
|---|---|---|---|
| १ | फर्निचर तथा फिक्चर खरिद | १,०००,०००.०० | |
| २ | सवारी साधन खरिद | १,०००,०००.०० | |
| ३ | मेशिनरी औजार खरिद | १,०००,०००.०० | |
| | जम्मा | ३,०००,०००.०० | |

## चालु भित्रका कार्यक्रम खर्च

| | | | |
|---|---|---|---|
| १ | कार्यविधि, ऐन नियम कानुन निर्माण खर्च | ५००,०००.०० | |
| २ | लक्षीत वर्ग कार्यक्रम दलित/जनजाती/अपांग/मुस्लिम | २,५००,०००.०० | |
| ३ | युवा स्वरोजगार कार्यक्रम | १,०००,०००.०० | |
| ४ | लागुपदार्थ नियन्त्रण कार्यक्रम | ५००,०००.०० | |
| ५ | कर्मचारी खाजा/इन्धन वापत सहुलियत | १,३००,०००.०० | |
| ६ | गरिव असहायको लागि स्वास्थ्य विमा | ५००,०००.०० | |
| ७ | विपद ब्यवस्थापन खर्च | ७,५००,०००.०० | |
| ८ | सुचना प्रविधि ब्यवस्थापन | १,०००,०००.०० | |
| ९ | शुसासन अभिमुखिकरण/सामाजिक परिक्षण | ५००,०००.०० | |
| १० | कर्मचारी तालिम तथा क्षमता अभिवृद्धि कार्यक्रम | ५००,०००.०० | |
| ११ | वडा संचालन खर्च | १,०००,०००.०० | |
| १२ | न्यायिक समिति खर्च | १,५००,०००.०० | |
| १३ | मल विउ खरिद गरि विक्री अनुदान उपलब्ध गराउने कार्यक्रम | ८,०००,०००.०० | |
| १४ | जनता संग स्थानिय सरकार | २,५००,०००.०० | |
| १५ | खाद्य सुरक्षा तथा पोषण योजना कार्यक्रम | ३००,०००.०० | |
| १६ | प्रादेशिक विश्व विद्यालय तयारी र ब्यवस्थापन | १,०००,०००.०० | |
| १७ | वडा नं.३ स्थित निर्मित ह्याप्पी होम ब्यवस्थापन | १,०००,०००.०० | |
| १८ | खेलकुद विकास कार्यक्रम | १,५००,०००.०० | |
| १९ | साझेदारी कृषि विकास कार्याक्रम | १०,०००,०००.०० | |
| २० | खजुराको चिनारीक लागि पुस्तक प्रकाशन | ५०००००.०० | |
| २१ | जनता संगको स्थानिय सरकारलाई टेलिभिजन प्रशारण | ५५००००.०० | |
| २२ | ग्रिन सिटी कार्यक्रम ब्यवस्थापन | ५०००००.०० | |
| | जम्माः | ४४,१५०,०००.०० | |

## पुजिगत भित्र कार्यक्रम खर्चः

| | | | |
|---|---|---|---|
| १ | चिल्ड्रेन पार्क | १,०००,०००.०० | |
| २ | ज्ञानोदय बहुमुखी पब्लिक क्याम्पस ब्यवस्थापन | १,०००,०००.०० | |
| ३ | कृषि क्याम्पस ब्यवस्थापन | १,०००,०००.०० | |
| ४ | लागत सहभागिता कार्यक्रम | ३,०००,०००.०० | |

| | | | |
|---|---|---|---|
| ५ | खेल मैदान डि गाउँ वडा नं.४ | ४०,००,०००.०० | |
| ६ | सडक बत्ती | ५००,०००.०० | |
| ७ | गा.पा. भित्र खानेपानी मर्मत सम्भार | ५००,०००.०० | |
| ८ | हयुमपाइप खरिद | १,०००,०००.०० | |
| ९ | वडा नं.२मा खुसियाली घर | १,५००,०००.०० | |
| १० | बाटो स्तरउन्नती वडा नं. १,२,३ र ४ | ४०,०००,०००.०० | |
| ११ | गा.पा. भित्रका पूर्वाधार निर्माण सुधार | ८,०४०,०५४.९८ | |
| १२ | राजु भुजुवाको घरदेखि मनकामना जाने बाटो नाला निर्माण | १,७००,०००.०० | |
| १३ | खजुरा ब्याटमिन्टीन | १,५००,०००.०० | |
| १४ | पूजिगत अनुसन्धान तथा परामर्श | २,०००,०००.०० | |
| १५ | सम्पूर्ण वडा कार्यालयहरूको योजनाको लागि | ४८,०००,०००.०० | |
| १६ | योजना अ.ल्या. कार्यक्रम | ६६,८४७,५००.०० | |
| १७ | लुन्द्री झलुंगु पुल लागत साझेदारी | ३५०,०००.०० | |
| १८ | सामुहिक आवास लागत साझेदारी | ५००,०००.०० | |
| १९ | सामुहिक आवास ब्यवस्थापन | १,०००,०००.०० | |
| २० | प्रदेश समपुरक योजनाका लागि | १५,०००,०००.०० | |
| २१ | भैपरी आउने विविध कार्यक्रम | ३,०००,०००.०० | |
| २२ | वडाबाट प्राप्त राजश्वको अनुपातमा दिइने योजना | १२,२००,०००.०० | |
| २३ | गाउँपालिका भित्र हल निर्माण | ५,१००,०००.०० | |
| २४ | वडा नं.८ सुनौलो युवा क्लवको भवन | १,०००,०००.०० | |
| २५ | बहुउद्देश्यिय सभा हल निर्माण | २७,१६०,०००.०० | |
| २६ | सोनपुर स्वास्थ्य चौकी भवन | १,२००,०००.०० | |
| २७ | वडा नं.७ जनता मा.वि. बठुवा | १,७१९,७००.०० | |
| २८ | निर्मित सार्वजनिक सम्पत्ति मर्मत सम्भार | १,१००,०००.०० | |
| २९ | विद्युत तार पोल खरिद | १,०००,०००.०० | |
| ३० | वडा नं.३ धौलागिरी देखि सहाराटोल जोड्ने ट्रष्ट पुल | ८००,०००.०० | |
| ३१ | एन आई सि देखि मनकामना जोड्ने सडक स्तरउन्नती | १,७००,०००.०० | |
| | जम्मा | २५,४६,८७,२५४.९८ | |

अव म संघ र प्रदेश संग साझेदारीबाट संचालन गर्ने योजनाहरूको लागि प्रदेश समपुरक कोषका लागि माथि रू. १ करोड ५० लाख विनियोजन गरेको जानकारी गराउँदछु ।

प्रदेश स्तरीय योजनाहरू गा.पा. बाट निर्णय गरि तोकिए बमोजिमको योजनाहरू प्रदेश सरकारमा माग गरि पठाइने छ ।

संधीय समपुरक कोषबाट खजुरा गाउँपालिका संग साझेदारीमा हुने योजनाहरूः

यस पटक संघीय समपुरक कोषबाट प्राप्त हुने योजनाहरू प्राप्त नभएको ब्यहोरा जानकारी गराउन चाहान्छु । संघिय सरकारबाट विशेष अनुदानबाट रू.१ करोड २५ लाखको खजुरा धनौली देखि कपास विकास समिति सम्मको दोहोरो पाइपलाइन विस्तारका लागि योजना प्राप्त भएको ब्यहोरा जानकारी गराउन चाहान्छु ।

सभा अध्यक्ष महोदय,

अव म विषयगत शाखालाई विनियोजन गरेको बजेट पेश गर्ने अनुमति चाहान्छु ।

**क) कार्यालय तर्फका शाखाहरू र :**

| | | | |
|---|---|---|---|
| १ | पशु शाखा | ५,३००,०००.०० | |
| २ | कृषि शाखा | १०,०००,०००.०० | |
| ३ | स्वास्थ्य शाखा | ७१,२३,०००.०० | |
| ४ | महिला विकास शाखा | ७,००,०००.०० | |
| ५ | शिक्षा, युवा तथा खेलकुद शाखा तर्फ | २,२४,१२,७००.०० | |
| ६ | लघु उद्योग | ८,००,०००.०० | |
| ७ | सहकारी | २०,००,०००.०० | |
| | | ४,८३,३५,७००.०० | |

सभाका अध्यक्ष महोदय,

अव म माथि विनियोजन गरेको रू. ४ करोड ८० लाख भित्रका वडास्तरीय योजना तथा कार्यक्रमहरू प्रस्तुत गर्न चाहान्छु ।

वडा नं.१

| क्र.स. | वडा न | योजनाको नाम | योजना स्थल | बजेट |
|---|---|---|---|---|
| **क** | | **भौतिक पूर्वाधार विकास कार्यक्रम** | | |
| १ | १ | बाटो कालो पत्रे निर्माण | साविक राधापुर ८ न्याउलीडाँडा गंगा सुनारको घर देखी पश्चिम महान खोला जाने बाटो हुँदै दक्षिण पिपल चौतारा सम्म | ५००००० |
| **ख** | | **सामाजिक विकास** | | |
| १ | १ | वाइफाइ जडान | वडा नं १ मा | ५००००० |
| २ | १ | फोहर मलाई टोकरी | वडा नं १ मा | १००००० |
| ३ | १ | पार्क निर्माण | भू.पू.सैनिक पार्क निर्माण (बेलडाँडा खोप केन्द्र नजिक) | ४००००० |
| | | **जम्मा** | | **६००००००** |

वडा नं.२

| क्र.स. | वडा न | योजनाको नाम | योजना स्थल | बजेट |
|---|---|---|---|---|
| **क** | | **भौतिक पूर्वाधार विकास कार्यक्रम** | | |
| १ | २ | पक्की बाटो निर्माण | के गाउँ ८० नं चोक देखि ६९ नं चोक सम्म | ३८००००० |
| २ | २ | कल्भर्ट निर्माण | सि गाउँ ४० नं चोकमा | १०००००० |
| ३ | २ | बाटो मर्मत | वडा नं २ भित्र | २००००० |
| | | | | |
| | | | | |
| | | | | |
| **ख** | २ | **सामाजिक विकास** | | |
| १ | २ | सरसफाई तथा फोहर व्यवस्थापन | २ नं वडाका सम्पुर्ण बस्तीहरुमा | २५०००० |
| ४ | २ | शिक्षा तथा खेलकुद कार्यक्रम | वडा नं २ | ४००००० |
| | | | | |
| | | | | |
| **ग** | | **संस्थागत विकास, क्षमता अभिवृद्धि तथा सुशासन** | | |
| **१** | २ | वडा कार्यालय रंङ्गरोगन तथा व्यवस्थापन | वडा नं २ को कार्यालय | १००००० |
| **२** | २ | सूचना प्रवाह तथा पत्रपत्रिका | वडा नं २ | ५०००० |
| **३** | २ | असहाय विपन्नहरुलाई सहायता | वडा नं २ | २००००० |
| | | **कुल जम्मा** | | **६००००००** |

वडा नं.३

| क्र.स. | वडा न | योजनाको नाम | योजना स्थल | बजेट |
|---|---|---|---|---|
| **क** | | **भौतिक पूर्वाधार विकास कार्यक्रम** | | |
| १ | ३ | माटो पटान तथा ग्रावेल ह्युम पाइप सहित | महेन्द्र मल्ल मिल देखि शाह मास्टरको घर हुँदै आदर्श मावि पछाडीबाट धौलागिरी जोड्ने बाटो | ७००००० |
| २ | | माटो पटान तथा ग्रावेल ह्युम पाइप सहित | झक्कु नाथ योगीको घर देखि गौतम विकको घर सम्म | ३००००० |
| ३ | | माटो पटान तथा ग्रावेल ह्युम पाइप सहित | तिलु कावचाको घर देखि राम बहादुर थापाको घर सम्म | ३००००० |
| ४ | | माटो पटान तथा ग्रावेल | क गाँउ ३९ नं चोक देखि १२ नं सम्म | ५००००० |

| | | | | |
|---|---|---|---|---|
| ५ | | माटो पटान तथा ग्राभेल | क गाँउ दक्षिण पुर्वी चोक बाट गडगैचा नाला बाबुराम को घर आगाडी हुँदै | ४००००० |
| ६ | | माटो पटान तथा ग्राभेल | चन्द्र हमालको घर देखी उत्तर जाने बाटो | ४००००० |
| ७ | | माटो पटान तथा ग्राभेल | बेलटाडीमा अधुरो बाटोमा | २००००० |
| ८ | | पक्की नाली निर्माण | एन आईसी एसिया बैङ्क देखि मनकामना जोडने सडक | १३००००० |
| ९ | ३ | पक्की नाली निर्माण | रोशन सापकोटाको घर हुदै मित्रलाल सापकोटाको घर सम्म | ७००००० |
| १० | ३ | रंगरोगन | आदर्श मावि डि गाउँ | ५००००० |
| ११ | ३ | बाटो मर्मत | वडा नं ३ भित्र | ३२५००० |
| १२ | ३ | सुचना सञ्चार र विविध कार्यक्रम | वडा नं ३ भित्र | १७५००० |
| **ख** | | **सामाजिक विकास** | | |
| १ | ३ | खेलकुद विकास कार्यक्रम | | २००००० |
| | | | | |
| | | **कुल जम्मा** | | **६००००००** |

वडा नं.४

| क्र.स. | वडा न | योजनाको नाम | योजना स्थल | बजेट |
|---|---|---|---|---|
| **क** | | **भौतिक पूर्वाधार विकास कार्यक्रम** | | |
| **१** | ४ | असाहय विपन्न सहायता | खजुरा गा.पा.४ | २००००० |
| **२** | ४ | खेलकुद | खजुरा गा.पा.४ | ५००००० |
| **३** | ४ | बाटो मर्मत | खजुरा गा.पा.वडा नं.४अन्तर्गत विभिन्न टोल बस्तीको बाटोमा | ३००००० |
| **४** | ४ | माटो पटान ग्रेभिल ह्युमपाइप सहित स्तरउन्नती | खजुरा गा.पा.वडा नं.४ डि गाउँ लाल बहादुर थापा घर देखि उत्तर समुहा गाउँ किरण कार्कीको घर सम्म जाने बाटोमा | १,०००,००० |
| ५ | ४ | माटो पटान ग्रेभिल स्तर उन्नती | खजुरा गा.पा.४ डि गाउँ ११नं चोक देखि उत्तर स्कुल हुदै शिवन चर्च सम्मको बाटोमा | ३०००००० |
| ६ | ४ | माटो पटान ग्रेभिल स्तरउन्नती | खजुरा गा.पा.४ इ गाउँ तल्लो टोल गोविन्द शर्माको घर देखि पिपल चौतारा हुदै पुर्व मसान घाट सम्म जाने बाटोमा | १०००००० |
| | | | | ६०००००० |

वडा नं.५

| क्र.स. | वडा न | योजनाको नाम | योजना स्थल | बजेट |
|---|---|---|---|---|
| **क** | | **भौतिक पूर्वाधार विकास कार्यक्रम** | | |
| १ | ५ | पक्की नाली निर्माण तथा आरसीसी | परसनाथ योगी को घर देखि अकनाथ योगी को घर सम्म | २०००००० |
| २ | ५ | माटो पटान तथा सडक ग्रावील | कुन्ने जर्वट को घर देखि दक्षिण इरफान को घर सम्म | ४००००० |
| ३ | ५ | माटो पटान तथा सडक ग्रावील | गोमती बनियाको घर देखि ने.रा.प्रावि. रजनवा सम्म | ४००००० |
| ४ | ५ | माटो पटान तथा सडक ग्रावील | पथरुको घर देखि बसन्पुर गाउँ सम्म | ३००००० |
| ५ | ५ | माटो पटान तथा सडक ग्रावील | मोल्हेको घर देखि डलाईपुर गाउँ सम्म | ४००००० |
| ६ | ५ | माटो पटान तथा सडक ग्रावील | हुलाकी सडक गडघईच नाला देखि रजनवा गाउँ सम्म | ४००००० |
| ७ | ५ | माटो पटान तथा सडक ग्रावील | नन्कु पासीको घर देखि अमृकको घर हुदै शम्भु पासीको घर सम्म | ३००००० |
| ८ | ५ | बाटो मर्मत | वडा नं ५ भित्र | ५००००० |
| ९ | ५ | हयुमपाइप | वडा नं ५ भित्र | २००००० |
| १० | ५ | वाल वाउन्ड्री निर्माण | नेरा प्रावि रजनवा | ९००००० |
| **ख** | | **सामाजिक विकास** | | |
| १ | ५ | घटना दर्ता कार्यक्रम | विपन्न बालबालिकाहरुको | ५०००० |
| २ | ५ | खेलकुद | युवा वर्गहरुलाई | १००००० |
| ३ | ५ | आयअर्जन | अपांग वर्ग | ५०००० |
| **ग** | | **आर्थिक विकास** | | |
| | | **जम्मा** | | ६०००००० |

वडा नं.६

| क्र.स. | वडा न | योजनाको नाम | योजना स्थल | बजेट |
|---|---|---|---|---|
| **क** | | **भौतिक पूर्वाधार विकास कार्यक्रम** | | |
| १ | ६ | वाल बाउन्ड्री गेट निर्माण | गुल्सने नुरीमा | २००००० |
| २ | ६ | माटो पटान भवन मर्मत | भानु मा.बि.मा | २५०००० |

| | | | | |
|---|---|---|---|---|
| ३ | ६ | टर्स निर्माण तथा मर्मत | कब्रस्थान मा | ८००००० |
| ४ | ६ | पक्की नाली र माटो पटान | वसिर खाँ को घर देखि ब्रसाति मनिहारको घर सम्म को | ५००००० |
| ५ | ६ | माटो पटान तथा सडक ग्रावेल | राजकली नेपालीको घर हुदै चन्द्र ब. सिजालीको घर सम्म को बाटोमा | ५००००० |
| ६ | ६ | माटो पटान तथा सडक ग्रावेल | जन्तानगर पिपल चौतारो देखी याम ब . राना को घर हुदै जनकल्याण यथावतसमाज सुधार सस्थाको भवन सम्म | ५००००० |
| ७ | ६ | सडक ग्राबेल | कर्ण शाहीको घर देखि मान खोला सम्मको बाटो | २००००० |
| ८ | ६ | सडक ग्राबेल | चन्द्री नेपालीको घर देखि बिसालको घर सम्मको बाटो | २००००० |
| ९ | ६ | माटो पटान तथा सडक ग्रावेल | सिमलघारी गौघाट जोड्ने सडक खन्ड देखि कृष्ण परियार को घर हुदै जन सेवा मा.बि. सम्मको बाटोमा | २००००० |
| १० | ६ | माटो पटान तथा भवन मर्मत | जनकल्यान आधारभुत बिधालयको फिल्डमा | १५०००० |
| ११ | ६ | छाउनि निर्माण | गुल्सने मदिना मदर्सा अगाडि | १००००० |
| १२ | ६ | माटो पटान तथा मर्मत | मदर्सा सैदाय मुस्तफा को फिल्ड | १००००० |
| १४ | ६ | कुलो निर्माण | जेठी नाला सरस्वति | २५०००० |
| १५ | ६ | बाटो मर्मत | खजुरा-६ भित्रको बाटोमा | ५००००० |
| १६ | ६ | पक्की नाली तथा माटो पटान | नुरी मस्जिद देखि खलील हापीजीको घर सम्म | ३५०००० |
| **ख** | | **सामाजिक विकास** | | |
| १ | ६ | क्रिकेट प्रतियोगिता | | १००००० |
| २ | ६ | खाने पानी निर्माण | जनसेवा मा.बि. मा | ५००००० |
| ३ | ६ | सार्वजानीक सास्कृतक प्रवर्धन कार्यक्रम | | १५०००० |
| | | **संस्थागत बिकास, अभिवृदि तथा सुशासन** | | |
| १ | ६ | बाउन्ड्री निर्माण | मंगलपुर कबर स्थानको | १५०००० |
| २ | ६ | ग्रिल जडान | सैयाद बाबा भवनमा | २००००० |

| | | | | |
|---|---|---|---|---|
| | | **वन बातावरण तथा बिपद ब्यबस्थापन** | | |
| १ | ६ | बिपद ब्बस्थापन तथा भैपरि आउने खर्च | | १००००० |
| | | **कुल जम्मा** | | ६०००००० |

**वडा नं.७**

| क्र.स. | वडा न | योजनाको नाम | योजना स्थल | बजेट |
|---|---|---|---|---|
| **क** | | **भौतिक पूर्वाधार विकास कार्यक्रम** | | |
| १ | ७ | पक्की नाली निर्माण | बाँके बर्दिया मुल सडक देखी बर्गदही गाउँ सम्म | ४६००००० |
| २ | ७ | पक्की नाली निर्माण | प्रबीन केसीको घर देखी पश्चिम क्यान्सर अस्पतालको जोडने मनकामनापुर | ३००००० |
| ३ | ७ | बाटो मर्मत | खजुरा वडा नं ७ भित्रको बाटोमा | ५००००० |
| | | | | |
| **ख** | | **सामाजिक विकास** | | |
| २ | ७ | शिक्षा तर्फ | खजुरा-७ सिन्दुरी आधारभूत विध्यालय | ३००००० |
| ४ | ७ | अति विपन्न बिरामी सहायता कोष | खजुरा ७ नं वडामा | १५०००० |
| ५ | ७ | औषधी खरीद व्यवस्थापन | सोनपुर स्वास्थ्य चौकी | १५०००० |
| | | **कुल जम्मा** | | **६००००००** |

**वडा नं.८**

| क्र.स. | वडा न | योजनाको नाम | योजना स्थल | बजेट |
|---|---|---|---|---|
| **क** | | **भौतिक पूर्वाधार विकास कार्यक्रम** | | |
| १ | ८ | सडक कालो पत्रे | सुल्तानको घर देखी चमारन टोल जाने बाटो | १२५०००० |
| २ | ८ | बाटो ग्रावेल | दंगालीपुर देखी नयाँ बस्ती सम्म | ६००००० |
| ३ | ८ | पक्की नाली निर्माण तथा बाटो मर्मत | सुनौलो टोल | ४००००० |
| ४ | ८ | माटो पटान तथा ग्रावेल | छगौडेपुर | ३००००० |
| ५ | ८ | बाटो ग्रावेल | चमकदारपुर चोक देखी उत्तर र दक्षिण तर्फ | २५०००० |
| ६ | ८ | बाटो ग्रावेल | रनियापुर दहवा जाने बाटो | ४००००० |
| ७ | ८ | बाटो मर्मत | खजुरा वडा नं ८ भित्र | ५५०००० |

| | | | | |
|---|---|---|---|---|
| ८ | ८ | विधुत पोल तार खरीद | खजुरा वडा नं ८ भित्र | ५००००० |
| ९ | ८ | ह्युम पाइप खरीद | खजुरा वडा नं ८ भित्र | २५०००० |
| १० | ८ | पक्की नाली निर्माण | घिहा गाउँ भित्र | ४५०००० |
| ११ | ८ | नाली सरसफाई | खजुरा वडा नं ८ भित्र | २०००० |
| | | | | |
| **ख** | | **सामाजिक विकास** | | |
| १ | ८ | खेलकुद कार्यक्रम संचालन | खजुरा-८ | ५०००० |
| २ | ८ | मधेशी तथा मुश्लिम बालिका शिक्षा कार्यक्रम | खजुरा-८ | १००००० |
| ३ | ८ | खानेपानी धारा वितरण | खजुरा-८ | २७५००० |
| ४ | ८ | गरीब विपन्न लाई औषधी उपचार तथा आर्थिक सहयोग | खजुरा-८ | १००००० |
| | | | | |
| **ग** | | **संस्थागत विकास, क्षमता अभिवृद्धि तथा सुशासन** | | |
| | ८ | मदरसा व्यवस्थापन तथा मर्मत | बुधनापुर | १७५००० |
| | ८ | कार्यालय संचालन तथा व्यवस्थापन | ८ नं वडा कार्यालय | १००००० |
| | ८ | मन्दिर व्यवस्थापन तथा मर्मत | सुनौलो टोल | १५०००० |
| **१** | ८ | भवन मर्मत तथा व्यवस्थापन | रनियापुर स्वास्थ्य चौकी | ५०००० |
| **२** | ८ | रेडियो कार्यक्रम तथा विज्ञापन | खजुरा-८ | ३०००० |
| | | **कुल जम्मा** | | **६००००००** |

**सभाका अध्यक्ष महोदय,**

**अव म माथि विनियोजन गरेको गाउँपालिकाको शाखा भित्रका योजना तथा कार्यक्रमहरू प्रस्तुत गर्न चाहान्छु ।**

**कृषि शाखा तर्फको पालिका स्तरीय योजनाहरूः**

| क्र.स. | कार्यक्रम विवरण | बजेट |
|---|---|---|
| १. | पालिका स्तरीय सार्वजनिकरण कार्यक्रम | ३०००० |
| २. | वडा स्तरीय कृषक संजाल बैठक | ४५००० |
| ३. | ५० प्रतिशत अनुदानमा कृषि यन्त्रीकरण वितरण | १८८५००० |
| ४. | बाली प्रतियोगिता पुरुस्कार वितरण | १६०००० |
| ५. | जैविक विषादी प्रवर्धन कार्यक्रम | १००००० |
| ६. | माटो परिक्षण किट, रि–याजेन्ट, माईक्रोस्कोप तथा आवश्यक सामाग्री खरिद | ४००००० |
| ७. | नबिनतम प्रबिधि सम्बन्धि कृषक तालिम | १००००० |
| ८. | बाली उपचार शिविर सञ्चालन खर्च | १४०००० |
| ९. | सूचना प्रकाशन | ४५००० |
| १०. | रेडियो सन्देश | १५००० |

| | | |
|---|---|---|
| ११. | प्यामप्लेट, बुक्लेट, फोलडर, पुस्तिका प्रकाशन, होडिङ्ग बोर्ड, संचार | ५०००० |
| १२. | Hybrid तरकारी बीउमा 50% अनुदान | २५०००० |
| १३. | च्याउ बीउमा 50% अनुदान | १००००० |
| १४. | बिउ उत्पादन समूह, सहकारीलाई धान, गहू,मकैको मुल बीउमा ५०% अनुदान | २१०००० |
| १५. | अगुवा कृषकहरुलाई भ्रमण | ५००००० |
| १६. | 75% अनुदानमा सिचाई जडान कार्यक्रम (साना सिचाई तथा समरसिबल) | १०००००० |
| १७. | बिदेशबाट फर्केका युवा लक्षीत कृषि कार्यक्रम | २५००००० |
| १८. | बिमा शुल्क (Primium)को 50% अनुदान | १००००० |
| १९. | बाली बिमा सम्बन्धी अभिमुखिकरण कार्यक्रम | ५०००० |
| २०. | कृषक प्रोफाइल तयारी | ५००००० |
| २१. | अकस्मिम बाली संरक्षण सेवा | ७५००० |
| २२. | धान दिवस | ४०००० |
| २३. | १ वडा १ नमुना फार्म स्थापना,स्तलगत तालीम बिशेषज्ञ सेवा | ८००००० |
| २४. | ईन्धन | ४५००० |
| २५. | सवारी साधन मर्मत | १८००० |
| २६. | कार्यालय बिबिध | ४६००० |
| २७. | कार्यालय आवस्यक सामाग्री | ३६००० |
| २८. | अनुगमन, मुल्याङ्कन, भ्रमण खर्च | ११०००० |
| २९. | नमुना प्रर्दशन स्थल (टनेल निर्माण) | ६५०००० |
| | | **१००००००००** |

**पशु सेवा शाखाको पालिका स्तरीय योजनाः**

| क्र.स. | कार्यक्रम विवरण | बजेट |
|---|---|---|
| १. | एक गाई एक माई कार्यक्रम | ३००००० |
| २. | भैंसी विकास कार्यक्रम | ३००००० |
| ३. | बाख्र मिसन कार्यक्रम | ९५३५०० |
| ४. | बंगुर पाठापाठी वितरण | २००००० |
| ५. | कुखुरा कार्यक्रम | ३००००० |
| ६. | विधुतीय चारा मेशीन वितरण | २५०००० |
| ७. | फार्म टू फार्म भिजिट कार्यक्रम | १००००० |
| ८. | डोर टू डोर कार्यक्रम | १००००० |
| ९. | गोठ सुधार कार्यक्रम (भकारो स्तरउन्ती) | २००००० |

| | | |
|---|---|---|
| १०. | हिउँदे घाँसको बिउ वितरण | ४००००० |
| ११. | वर्षे घाँस विउ वितरण | १००००० |
| १२. | विभिन्न खोप व्यवस्था तथा परजीवीनियन्त्रण शिविर | ५००००० |
| १३. | डिस्पेन्सरी संचालनका लागि औषधी खरीद | ३००००० |
| १४. | कार्यालयमा आवश्यक सामाग्री खरीद | ५०००० |
| १५. | बत्ती पानी संचार व्यवस्था आदि | ५०००० |
| १६. | ईन्धन व्यवस्था | ६०००० |
| १७. | सवारीसाधन मर्मत सम्भार | २५००० |
| १८. | अनुगमन तथा दैनिक भ्रमण भत्ता | १५०००० |
| १९. | बोयर क्रस बोका वितरण | ३५०००० |
| २०. | बाख्रा फर्म सहयोग कार्यक्रम | १५०००० |
| २१. | कार्यालय शाखाको हाता भित्र बाटो मर्मत तथा चर्पी मर्मत | ८५००० |
| २२. | कृत्रिम गर्भाधान व्यवस्थापन | ७६५०० |
| २३. | **माछाका भुरा अनुदान कार्यक्रम** | ३००००० |
| | | **५३०००००** |

**महिला तथा बालबालिका शाखा तर्फको पालिकास्तरीय योजनाः**

| १ | महिला संस्थाहरुको सागठनिक सुदृढिकरण | लक्ष्य | विनियोजन रु |
|---|---|---|---|
| १.१ | प्रारम्भ | | |
| | नेतृत्व तथा संस्थागत विकास तालिम ५ दिने | २ | १,२०,०००।०० |
| १.२ | महिला संस्थाको रणनितिक अभिमुखीकरण | | |
| १.३ | सामुदायिक संरक्षण एवं सम्प्रेशण | | |
| | अन्तराष्ट्रीय तथा राष्ट्रीय दिवस हरु(जेष्ठ नागरिक दिवस,अल्जाईमर्स दिवस,अन्तराष्ट्रीय बाल दिवस मानव वेचविखन विरुद्धको राष्ट्रीय दिवस,लैङ्गिक हिंसा विरुद्धको १६ दिने अभियान अन्तराष्ट्रीय अपाङ्गता दिवस अन्तराष्ट्रीय श्रमिक महिला दिवस | | १,००,०००।०० |
| ४ | सामाजिक परिचालन सहजिकरण र अभिलेखीकरण | | |
| | मानब बेचविखन विरुद्धको पालिका स्तरीय समिति गठन, | १ | ३०,०००।०० |
| | मानब बेचविखन तथा ओसारपसार विरुद्धको नगर स्तरीय समिती बैठक | ३ | ९०,०००।०० |
| | पालिका स्तरीय बाल कल्ब संजालको पुर्नगठन तथा अन्तरकृया | ३ | १,१५,०००।०० |
| | अपाङ्गता भएका ब्यक्तिहरुलाइ परिचयपत्र वितरण | १२ | १,५०,०००।०० |
| ६ | इन्धन तथा सवारी साधनमर्मत | | |
| | ईन्धन | | ३०,०००।०० |
| | सवारी साधन मर्मत | | १५,०००।०० |
| ७ | कार्यालय संचालन खर्च | | |
| | कार्यकम अनुगमन तथा साथ सम्पर्क | | ५०,०००।०० |
| | जम्मा | | ७,००,०००।०० |

**शिक्षा युवा तथा खेलकुद शाखाः**

| | | |
|---|---|---|
| १ | सूचना सञ्चार प्रविधिको क्षमता विकास | २००००० |
| २ | आधारभू तह निशुल्क तथा अनिवार्य शिक्षा कार्यान्वयनका लागि सामुदायिक विद्यालयलाई वत्तीखेलकुद र परीक्षा संचालन खर्च/मसलन्द/पानी/ | ३७८८००० |
| ३ | अभिभावक शिक्षा | १००००० |
| ४ | एक विद्यालय एक बगैचा कार्यक्रम | ० |
| ५ | कक्षा ५स्तर मापन परीक्षा | १००००० |
| ६ | कक्षा ८ परीक्षा सञ्चालन ब्यवस्थापन | ४००००० |
| ७ | कक्षाकोठा सवलीकरण | १७२५००० |
| ८ | कर्मचारी ब्यवस्थापन खर्च | ० |
| ९ | गाउँ शिक्षा योजना | ५०००० |
| १० | गाउँपालिका स्तरीय अध्यक्ष कप खेलकुद | ६००००० |
| ११ | दैनिक भ्रमण भत्ताअनुगमन/ तथा निरीक्षण /सञ्चार तथा ईन्धन खर्च | १५०००० |
| १२ | प्रधानाध्यापक र लेखापाल क्षमता विकास तालिम | २००००० |
| १३ | भर्ना अभियान कार्यक्रम संचालन | ५०००० |
| १४ | विद्यालय बाहिर रहेका बालबालिकालाई विद्यालमा भर्ना गरी टिकाउने | ११५७०० |
| १५ | विभिन्न दिवस तथा शैक्षिक दिवस तथा पढाई उत्तसवमेला संचालन गर्ने/ | १००००० |
| १६ | पूर्व प्राथमिक शिक्षकहरुको थप पारिश्रमिक | १५८४००० |
| १७ | आधारभूत तह प्रावि र निमावि कर्मचारी पारिश्रमिक | ८१६००० |
| १८ | विद्यालय कर्मचारी माध्यमिक तहका लागि थप पारिश्रमिक | ५०४००० |
| १९ | शैक्षिक गुणस्तर (पूर्वप्राथमिक कक्षा शिक्षकहरु लाई मन्टेश्वरी तालिम) | २००००० |
| २० | शैक्षिक महोत्सव तथा अतिरिक्त क्रियाकलाप | ३००००० |

| | | |
|---|---|---|
| २१ | मदरशा ब्यबस्थापन अनुदान | ८५०००० |
| २२ | शिक्षा सम्बन्धी विभिन्न बैठक सञ्चालन | १५०००० |
| २३ | विविध खर्च | ५०००० |
| २४ | शैक्षिक क्यालेण्डर | ७५००० |
| २५ | शैक्षिक गुणस्तर परीक्षण कक्षा १ देखि ३ कार्यक्रम | १००००० |
| २६ | सामुदायकि विद्यालयमा मेरो एक दिन अभियान | ० |
| २७ | गत आव मा सबै तहमा शिक्षक अनुदान प्राप्त विद्यालयलाई निरन्तरता | ५३९०००० |
| २८ | एकमुष्ट शिक्षण सिकाइ अनुदान | ३०२५००० |
| २९ | शैक्षिक बुलेटिन प्रकाशन | ५०००० |
| ३० | उत्कृष्ट प्रअ शिक्षकविद्यालय/ विद्यार्थी अभिभावक कर्मचारीहरुलाई सम्मान गर्ने | १००००० |
| ३१ | शैक्षिक भ्रमण तथा अनुभव आदान प्रदान | १००००० |
| ३२ | विपदमा परेका बालबालिकाहरुलाई शैक्षिक सामग्री सहित सहयोग | १००००० |
| ३३ | इन्टरनेट कनेक्टीभिटी | १६०००० |
| ३४ | शैक्षिक गुणस्तर अभिवृद्धि कार्यक्रम | १००००० |
| ३५ | शिक्षकका लागि शिक्षण डायरी छपाइ | २००००० |
| ३६ | वैकल्पिक प्रणालीबाट सिकाइ सहजीकरण | २००००० |
| ३७ | बहिरा स्रोतकक्षा आयाका लागि पारिश्रमिक | १३०००० |
| ३८ | युवा क्लब गठन र युवा परिचालन | १००००० |
| ३९ | विद्यालय नक्सांकन र यसको प्रयोग | १००००० |
| ४० | वार्षिक प्रगति समिक्षा गोष्ठी | ५०००० |
| ४१ | शैक्षिक तथ्यांक संकलन प्रशोधन र प्रयोगका सम्बन्धमा तालिम | १००००० |
| ४२ | मुस्लिम मधेशी सिमान्तकृत गरिव असाहय छात्राहरुको लागि कक्षा ११ र १२ छात्रबृत्ती | ३००००० |
| | जम्मा बजेट | २२४१२७०० |

**स्वास्थ्य शाखाः**

| सि.नं. | कार्यक्रम/आयोजना/क्रियाकलापको नाम | कार्यान्वयन हुने स्थान | बजेट |
|---|---|---|---|
| १ | स्वास्थ्य संस्था मर्मत सुधार ,औजार उपकरण खरिद | स्वास्थ्य संस्था | २००००० |
| २ | फिल्डमा काम गर्ने फिल्ड कर्मचारीलाई गाउँघर क्लिनिक , खोप कार्यकम सञ्चालन तथा अन्य कार्य गर्न फिल्ड भत्ता | पालिका,स्वास्थ्य संस्था | २१६००० |
| ३ | बिरामी,शारिरीक अशक्त,६० बर्ष उमेर पुगेका म.स्वा.स्वं.से.लाई सम्मान जनक बिदाई | पालिका | ४००००० |
| ४ | महिला स्वास्थ्य स्वयं सेविका दिवशमा बार्षिक कार्यसम्पादन मुल्याङ्कनको आधारमा उत्कृष्ठ प्रति वडा ३ जना म.स्वा.स्वं.से.लाई सम्मान तथा पुरस्कृत गर्ने | पालिका | १००००० |
| ५ | आधारभुत स्वास्थ्य सेवा निःशुल्क औषधि खरिद | पालिका | २०००००० |
| ६ | रेकर्ङ्गि, रिपोटिङ्ग, स्टोर ब्यवस्थापन तथा कार्यकम सञ्चालन गर्न चाहिने आवश्यक **forms** तथा **format** छपाइ(HMIS Tool) | पालिका तथा स्वास्थ्य संस्था | १५०००० |
| ७ | स्वास्थ्य शाखाको कामको लागि ईन्धन ,संचार तथा कार्यालय संचालन | स्वास्थ्य शाखा | १७५००० |
| ८ | सुचना व्यवस्थापनको लागि आवश्यक सामान (ल्यापटप) खरिद | पालिका,स्वास्थ्य संस्था | २१०००० |
| ९ | बर्षको एक पटक निःशुल्क जेष्ठ नागरिक स्वास्थ्य शिविर संञ्चालन | समुदाय तथा स्वास्थ्य सस्था | १२००००० |
| १० | **MNH Update** | पालिका | ९०००० |
| ११ | स्वास्थ सुचनाको हक स्थापित गर्न सबै स्वास्थ्य संस्थाहरु र गाउँपालिकामा नागरिक वडापत्रको व्यवस्था | पालिका तथा स्वास्थ्य संस्था | २०००० |
| १२ | महिला स्वास्थ्य स्वयं सेबिकालाई प्रोत्साहान भत्ता, मोबाईल रिचार्ज खर्च | स्वास्थ्य संस्था | ९०७००० |
| १४ | स्वास्थ्यको कार्यकम अनुगमन, मुल्यानकन तथा सुपरिवेक्षण | पालिका तथा स्वास्थ्य संस्था | ४०००० |
| १५ | स्वास्थ्य संस्थाहरुलाई बिद्धुत,पानी ,टेलीफोन महसुल तथा कार्यालय संचालन खर्च | स्वास्थ्य संस्था | ९००००० |
| १६ | नयाँ महिला स्वास्थ्य स्वयं सेबिकाहरुलाई १८ दिनको तालिम (२० जना) ब्यबस्थापन | गाउँपालिका | ३१५००० |
| १७ | बिबिध | स्वास्थ्य शाखा | २००००० |
| | **कुल जम्मा** | | ७१२३००० |

**न्यायिक समितिः**

माथि चालु कार्यक्रममा उल्लेख भएको बजेट रू. १५ लाख भित्र निम्नानुसार कार्यक्रम हुने गरि बजेट विनियोजन गरेको छु ।

| क्र.सं. | कार्यक्रम | परिमाण | बजेट |
|---|---|---|---|
| १. | वडास्तरमा भएका मेलमिलाप संयोजकहरूको पारिश्रमिक | ८ जना | ६७२,०००।- |
| २. | प्रति विवाद मेलमिलाप वापतको रकम | १५० | १३५०००।- |
| ३. | मेलमिलाप कर्ताहरूलाई पुर्नताजगी तालिम | २ पटक | २३०,०००।- |
| ४. | समिक्षा बैठक | ३ पटक | ७५०००।- |
| ५. | कोर्ट अनुगमन मेलमिलाप संयोजकहरूलाई | ३ पटक | ७५०००।- |
| ६. | सिकाई आदन प्रदान गोष्ठी | २ पटक | १,००,०००।- |
| ७. | विविध | | ६२,०००।- |
| ८. | भ्रमण तथा अनुगमन | | १५१,०००।- |
| | जम्मा | | १५,००,०००।- |

सभा अध्यक्षज्यू,

प्रत्येक वर्ष हरेक ४।४ वडा गरि कम्तीमा १ वडालाई १ करोड बराबरको बजेट राखि कालोपत्रे गर्ने कार्यलाई निरन्तरता दिएको छु यस वर्ष वडा नं. १,२,३ र ४ मा निम्नानुसार सडकहरूको कालोपत्रे गर्ने कार्यका लागि बजेट विनियोजन गरेको छु ।

१. वडा नं.१ जलपोखरी चौक देखि ने.रा. तिर्खा प्रा.वि.स्कुल जाने विच बाटो सम्म कालो पत्रे रू. १ करोड

२. वडा नं.२ खेलकुख ग्राम गौरीनगर चौक देखि ए गाउँ ८० नं. चौक सम्म कालोपत्रे रू. १ करोड

३. वडा नं.३ वि गाउँ २१ नं. चौक देखि ४४ नं. सम्म कालोपत्रे रू. १ करोड

४. वडा नं. ४ ई गाउँ ने.रा.मनकामना आधारभुत नि.मा. वि देखि पूर्व एफ गाउँ जाने बाटो कालोपत्रे रू. १ करोड

सभा अध्यक्षज्यू,

माथि पूजिगत तर्फको विनियोजीत बजेट भित्र रही गाउँपालिकाको तपसिलका गौरवका योजनाहरू पेश गरेको छु ।

१. खजुरा गाउँपालिकाले आ.व. ०७५।०७६ मा निर्माण आरम्भ गरेको बहुउद्धेश्यि सभा हल

३. खजुरा गाउँपालिकाको शित भण्डार निर्माणका लागि

४. खजुरा गाउँपालिका वडा नं. १,२,३ र ४ मा निर्माण गरिने रू ४००,००,०००।- बराबरको माथि उल्लेखित कालोपत्रे योजनाहरू ।

४. संघिय सरकारबाट प्राप्त भएको विशेष अनुदान रकमबाट खजुरा बजारमा बाटोको दायाँ बायाँ खानेपानीको पाइपलाइन विस्तार आदि रहेका छन् ।

यस सभाका अध्यक्ष महोदय

बजेट प्रस्तुत गरिरहदा सिमित श्रोतसाधनबाट बजेट तयार गर्दा सबैको चाहाना र  आवश्यकता अनुसार एकैचोटी बजेटमा सम्बोधन गर्न सकिने अवस्था रहदैन । प्राथमिकता र आवश्यकताका आधारमा श्रोत साधनको उपलब्धता र सुनिश्चिततालाई मध्यनजर गरी यो बजेट तथा कार्यक्रम तयार गरिएको छ । नागरिकहरूको आवश्यकता र चाहानाहरूलाई हामी क्रमिकरूपमा पुरा गर्दै जाने प्रण गर्दछौ । यसका लागि सबैसंग सकारात्मकरूपमा सहयोगको अपेक्षा लिएको छु ।

बजेट तर्जुमा संगसगै यसको कार्यान्वयन गर्ने महत्वपूर्ण पाटो रहेको छ । कार्यक्रमहरू समयमै प्रभावकारी रूपमा संचालन आउन सके मात्र बजेटले अपेक्षा गरेको उपलब्धी हासिल हुने भएकोले यस बजेटको प्रभावकारी कार्यान्वयनका लागि सबैमा अनुरोध गर्दछु ।

चालु आर्थिक वर्षको बजेटले हाम्रो खजुरा राम्रो खजुरा समुन्नत खजुरा हाम्रो चाहना को दीर्घकालीन सोचतर्फ अघि बढ्न मद्दत गर्ने विश्वास लिएको छु ।

बजेट तर्जुमा गर्दा मार्ग निर्देशन गर्नु हुने सबै हार्दिक आभार प्रकट गर्दछु । विनियोजन विधेयक २०७७ का सिद्धान्त र प्राथमिकतामा व्यापक छलफल गरी राजनीतिक दलका नेताहरू कार्यपालिकाका सदस्यहरू, विषयगत समितिका संयोजकहरू, विज्ञ, गाउँपालिकाका कर्मचारीहरुले दिनु भएको सुझावहरूलाई समेटेर बजेटनिर्माण गर्न सहयोग पुराउने राष्ट्रसेवक कर्मचारीहरू प्रति अभारी छु । त्यस्तै बजेट तर्जुमा गर्दा सुझाव दिनुहुने निजी क्षेत्र, सहकारी क्षेत्र, नागरिक समाज, र सम्पूर्ण खजुरा वासी दिदीबहिनी दाजुभाईहरूमा हार्दिक धन्यवाद व्यक्त गर्दै यो बजेट कार्यान्वयनमा सबै पक्षको पूर्ण सहयोग रहने अपेक्षा गरेको छु ।

धन्यवाद

एकमाया वि.क.

उपाध्यक्ष /बजेट तथा कार्यक्रम तर्जुमा समिति संयोजक

मिति २०७७।३।१० गते